नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
# परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमी, भक्तपुर

## २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडबृद्धि) को समयतालिका सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७९/१०/१४**

राष्ट्रिय परीक्षा बोर्डको मिति २०७९।१०।११ को निर्णयानुसार २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) देहाय बमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने/गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**समयतालिका**
**परीक्षा सञ्चालन समय : बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७९ साल चैत्र १७ गते शुक्रबार | अनिवार्य अङ्ग्रेजी |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अङ्ग्रेजी |
| २ | २०७९ साल चैत्र १९ गते आइतबार | अनिवार्य गणित |
| ३ | २०७९ साल चैत्र २० गते सोमबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी (Elective English) |
| ४ | २०७९ साल चैत्र २२ गते बुधबार | अनिवार्य विज्ञान |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७९ साल चैत्र २३ गते बिहिबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक धारतर्फ : Farm Management and Marketing, Engineering Drawing, Computer Repair and Maintenance, Basic Music |
| ६ | २०७९ साल चैत्र २४ गते शुक्रबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा |
| | | वेदविद्याश्रमतर्फ : कर्मकाण्ड/फलित ज्योतिष |
| | | संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| | | प्राविधिक धारतर्फ : Aquaculture and Fisheries, Electrical Measurement and Instrument, Computer Networks, Engineering Surveying, Music of Nepal |
| ७ | २०७९ साल चैत्र २५ गते शनिबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| | | वेदविद्याश्रमतर्फ : बेद वा नीतिशास्त्र |
| | | प्राविधिक धारतर्फ : ऐच्छिक गणित (Optional Maths) |
| ८ | २०७९ साल चैत्र २६ गते आइतबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक द्वितीय पत्रका सबै विषयहरू |
| | | वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वितीय पत्रका सबै विषयहरू |
| | | प्राविधिक धारतर्फ : Vegetable and Medicinal plant Production, Dairy and Dairy Products, Utilization of Electrical Energy, Database management System, Building Construction, Music Technology. |
| ९ | २०७९ साल चैत्र २७ गते सोमबार | प्राविधिक धारतर्फ : Crop production, Small Ruminant Production and Management, Electronic device and circuit, Water resources Engineering, Instrument Keyboard |
| १० | २०७९ साल चैत्र २८ गते मंगलबार | प्राविधिक धारतर्फ : Industrial Entomology and Mushroom, Animal health–II, Electrical Machine, Microprocessor, Highway Engineering, Music Business and Program Management. |
| ११ | २०७९ साल चैत्र २९ गते बुधबार | प्राविधिक धारतर्फ : Floriculture and Nursery Management, Veterinary Laboratory Techniques, Industrial Installation and Maintenance, Object Oriented Programming, Estimating Costing and Supervision, Optional subject (Singing, Musical Instrument, Dance). |

**द्रष्टव्य**

१. कुनै आकस्मिक बिदा पर्न गएमा पनि राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को पूर्व सूचना विना परीक्षा स्थगित हुनेछैन ।
२. नियमित तथा ग्रेडबृद्धि दुबै समूह तर्फको परीक्षा उल्लिखित तालिका अनुसार एउटै समयमा हुनेछ । प्राविधिक तथा ग्रेडबृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूलाई समेत सम्बन्धित विद्यालयका नियमित परीक्षार्थीले परीक्षा दिने परीक्षा केन्द्रमा राख्नु पर्नेछ ।
३. मिति २०७९ साल चैत्र १८ गते शनिबार र २१ गते मंगलबारका दिन कुनै पनि विषयको परीक्षा सञ्चालन हुने छैन ।
४. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।
५. परीक्षा केन्द्रहरूको जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइहरुबाट हुनेछ ।
६. तोकिएको केन्द्र र तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।
७. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनु पर्नेछ । प्रवेशपत्रमा उल्लिखित सिम्बोल नम्बर परिवर्तन हुने छैन । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वत: रद्द हुनेछ ।
८. एसइइ दिने अपाङ्गता भएका परीक्षार्थीहरूको सहजीकरणका लागि केन्द्राध्यक्षले सम्बन्धित विद्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।
९. नियमित तथा ग्रेडबृद्धि दुबै समूहका परीक्षार्थीहरूको परीक्षा केन्द्र परिवर्तन हुने छैन ।
१०. परीक्षा सम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नम्बर ६६३०७३९ र ६६३००७० मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.see.gov.np मा पनि हेर्न सकिनेछ ।

परीक्षार्थीले रजिष्ट्रेशन/परीक्षा आवेदन फाराम भर्दा फारममा उल्लेख गरेको जन्ममिति र नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक परेमा फरक परेको विवरण संशोधन गर्नुपर्ने अवस्थामा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०८० साल वैशाख मसान्तभित्रमा अनिवार्य रूपमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा सिधै यस कार्यालयमा आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ । अन्यथा उक्त विवरण नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र तोकिए बमोजिमका कागजातका आधारमा मात्र संशोधन हुने व्यहोरा जानकारी गराइन्छ ।

–नियन्त्रक